नेपाली कम्युनिष्ट पार्टी

# घोषणापत्र

२०८२ कात्तिक १९ गते, काठमाडौँ

# नेपाली कम्युनिष्ट पार्टीको घोषणा-पत्र

**प्रारम्भिक :**

**नेपाली कम्युनिष्ट पार्टी** २००६ साल वैशाख १० (२२ अप्रिल १९४९) मा कमरेड पुष्पलालको नेतृत्वमा स्थापित नेपाल कम्युनिष्ट पार्टीको अविच्छिन्न उत्तराधिकारी संस्था हो । यो पार्टी नेपाली सर्वहारा श्रमजीवी वर्गको राजनीतिक नेतृत्वदायी सङ्गठन हो । नेपाल कम्युनिष्ट पार्टीको स्थापना नेपाली समाजबाट सामन्तवादी एवम् साम्राज्यवादी शोषण, दमन र उत्पीडनको अन्त्य गरी स्वतन्त्र एवम् सार्वभौमसत्ता सम्पन्न जनगणतन्त्र नेपालको स्थापना गर्ने र मुलुकलाई वैज्ञानिक समाजवाद हुँदै साम्यवादतर्फ अगाडि बढाउने उद्देश्य राखेर गरिएको थियो । यसको अर्को उद्देश्य नेपाली समाजमा रहेका वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक, सामाजिक र सांस्कृतिक विभेदहरूको अन्त्य गरेर सामाजिक न्यायसहितको स्वतन्त्रता र समतामुलक एवम् समृद्ध समाजको स्थापना गर्नु थियो । नेकपाले आफ्ना लक्ष्य तथा उद्देश्यहरू प्राप्त गर्नका निम्ति शान्तिपूर्ण र सशस्त्र सङ्घर्ष सञ्चालन गरेको छ । ती सङ्घर्षका दौरान हजारौं योद्धाहरु सहिद, वेपत्ता, घाइते र अपाङ्ग भएका छन् । ती महान सहिद र योद्धाहरूको सदैव स्मरण गर्नु र सम्मान एवम् श्रद्धासुमन अर्पण गर्नु हाम्रो कर्तव्य हो । त्यसैगरी पार्टीका संस्थापक महासचिव कमरेड पुष्पलाललगायत सबै अग्रजहरुप्रति सम्मान व्यक्त गर्नु पनि हाम्रो कर्तव्य हो ।

नेपाली कम्युनिष्ट आन्दोलनको सात दशकभन्दा लामो इतिहास अनेक प्रकारका मतभेद, विवाद, विभाजन, एकता र पुनःएकीकरणको आरोह अवरोहबाट गुज्रिएको छ । यसैक्रममा अहिले नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी), नेपाल समाजवादी पार्टी, जनसमाजवादी पार्टी नेपाल, नेपाल समाजवादी पार्टी, नेकपा (समाजवादी), नेपाल कम्युनिष्ट पार्टी, नेकपा (माओवादी-समाजवादी), नेकपा(साम्यवादी) लगायतका विभिन्न कम्युनिष्ट तथा समाजवादी समूहहरु एकतावद्ध भएर नेपाली कम्युनिष्ट पार्टी बनाएका छौं र यो घोषणा पत्र पेश गरेका छौं ।

**हाम्रो लक्ष्य र आम नीति :** माओवादी, कम्युनिष्ट केन्द्र, देशभक्त समाजवादी)

नेपाल कम्युनिष्ट पार्टीको नेतृत्वमा सञ्चालित शान्तिपूर्ण र सशस्त्र सङ्घर्षहरुको परिणामस्वरूप मुलुकमा ठूलाठूला परिवर्तन भएका छन् र धर्मनिरपेक्षता, समानुपातिक-समावेशिता, सामाजिक न्याय, शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र खाद्य सम्प्रभूतालगायतका मौलिक हकसहितका संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ । नेपाली समाज पूँजीवादी चरणमा प्रवेश गरेको छ । शोषण उत्पीडनका रुप बदलिएका छन् । नेपाली समाजका हर क्षेत्रमा वित्तीय तथा दलाल नोकरशाही पूँजीवादी शोषण र उत्पीडन व्यापक बन्दै गएको छ । साथै समाजका अन्तर्विरोधहरु पनि बदलिएका छन् । वित्तीय तथा दलाल नोकरशाही पूँजीपति वर्ग र आम नेपाली जनताबिचको अन्तर्विरोध वर्तमान नेपाली समाजको प्रधान अन्तर्विरोध बन्न पुगेको छ । यस प्रधान अन्तर्विरोधको समाधानका निम्ति समाजवादी क्रान्ति अपरिहार्य छ । तसर्थ नेपली क्रान्तिले अव समाजवादी क्रान्तिको चरणमा प्रवेश गरेको छ । अबको हाम्रो लक्ष्य वैज्ञानिक समाजवाद हो । हामी समाजवादी कार्यदिशा अंगालेर अघि बढ्ने छौं । हामी देशमा नेपाली विशेषताको वैज्ञानिक समाजवाद स्थापना गर्न चाहन्छौं । त्यो समाजवाद लोकतान्त्रिक मूल्य मान्यतासहितको हुनेछ र त्यसको बाटो मूलतः शान्तिपूर्ण हुनेछ । नेपाली विशेषताको वैज्ञानिक समाजवादका आम निति देहाय बमोजिम हुनेछन् :

१. **राज्य व्यवस्था सम्बन्धी :** नेपाली विशेषताको समाजवादी राज्य व्यवस्था युगसापेक्ष लोकतान्त्रिक मूल्यमान्यतासहितको हुनेछ । त्यसमा आम जनसमुदायका लोकतान्त्रिक हक अधिकार, मुख्यतः सङ्गठन, अभिव्यक्ति, आलोचना, सिर्जना र व्यक्तिगत स्वतन्त्रता प्रत्याभूत गरिनेछ । राज्यसत्ता सञ्चालनमा आम जनताको संस्थागत सहभागिता र सरकारको काममा जननिगरानी गर्ने व्यवस्था सुनिश्चित गरिनेछ । जन अपेक्षा अनुरूप काम नगर्ने जनप्रतिनिधिलाई प्रत्याह्वान गर्ने व्यवस्था गरिने छ । यस राज्य व्यवस्थाका सम्पूर्ण कार्यहरू तत्कालीने संविधान अनुरूप हुनेछन् ।

२. **अर्थव्यवस्था सम्बन्धी :** समाजवाद समाजका हरेक सदस्यलाई 'योग्यता अनुसारको काम र काम अनुसारको दाम' दिने व्यवस्था हो । उत्पादक शक्तिको बहुआयामिक विकासद्वारा आर्थिक क्षेत्रमा पर्याप्त प्रगति नगरी उक्त लक्ष्य प्राप्त गर्न सकिदैन । समाजमा व्याप्त पूँजीवादी एवम् साम्राज्यवादी शोषणका सबै रूपहरूलाई अन्त्य गरेर मात्रै त्यस्तो समाजवादी अर्थ व्यवस्थाको निर्माण हुनेछ । उत्पादनका साधनमाथि सार्वजनिक,

सामुहिक र निजी स्वामित्व भएको नयाँ उत्पादन प्रणालीको स्थापनासँगै नयाँ उत्पादन सम्बन्ध कायम हुनेछन् । नयाँ उत्पादन सम्बन्धमा श्रम र प्रविधिको स्वतन्त्र विकास हुनेछ ।

समाजवादी अर्थतन्त्रको निर्माण र विकास विभिन्न चरण हुँदै अगाडि बढ्नेछ । पहिलो चरणमा सामान्यत: तीन खम्बे अर्थतन्त्रको रूपमा सार्वजनिक क्षेत्र, सामूहिक वा सहकारी क्षेत्र र निजी क्षेत्रमा उद्योग धन्दाहरू विकास गरिनेछ । सार्वजनिक क्षेत्रको क्रमश: विस्तार गर्दै लगिने छ ।

आत्मनिर्भर तथा उत्पादनमुखी अर्थतन्त्रको विकास गरी न्यायोचित वितरण प्रणाली र बजार व्यवस्थित गरिने छ । अर्थतन्त्रको द्रुत विकास र सबलीकरणका लागि आवश्यक संरचनागत परिवर्तन गर्नुका साथै प्रगतिशील कर प्रणाली लागू गरिने छ । प्राकृतिक स्रोत साधनमा राज्यको स्वामित्व सुनिश्चित गरिने छ । आर्थिक-सामाजिक रूपान्तरण अभियान सञ्चालन गरिने छ ।

वित्तीय एकाधिकार तथा दलाल पूजीवादको शोषण र हस्तक्षेपबाट मुक्त एवम् सार्वजनिक, सहकारी र निजी क्षेत्रको समन्वय, सहकार्य र गतिशील भूमिकासहितको समाजवादी अर्थतन्त्र निर्माण गरिने छ । स्वदेशी कच्चा पदार्थ र श्रमशक्ति प्रयोग हुने उद्योग धन्दाको व्यापक विस्तार र विकास गरी पर्याप्त मात्रामा रोजगारी सिर्जना गरिनेछ । देशको सम्पूर्ण श्रमसक्षम जनशक्तिलाई 'योग्यता अनुसारको काम र काम अनुसारको दाम' उपलब्ध गराउने गरी आर्थिक क्षेत्रको द्रुततर विकास गरिनेछ ।

३. **सामाजिक-सांस्कृतिक व्यवस्था सम्बन्धी :** समाजमा वर्गको उदयपछि सामाजिक–सांस्कृतिक सम्बन्धहरू पनि असमान र अन्तर्विरोधयुक्त हुँदै आएका हुन् । पूँजीवादले सामाजिक-सांस्कृतिक तथा मनोवैज्ञानिक सम्बन्धहरूलाई पनि नीजी स्वार्थको प्रतिस्पर्धामा धकेल्दै मानवीय सम्बन्धहरूलाई अमानवीय बनायो । समाजवादले सबै असमान सामाजिक तथा सांस्कृतिक सम्बन्धको जगलाई अर्थात् वर्ग अन्तर्विरोधलाई अन्त्य गर्नेछ र मानिस-मानिस बिचका सम्बन्धहरूलाई मानवीय बनाउने छ ।

समाजमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिकलगायत सबै प्रकारका शोषण, दमन, उत्पीडन र विभेदको अन्त्य गरी स्वतन्त्रता, समानता र सामाजिक न्यायमा आधारित समाज निर्माण गरिने छ । मानवीय तथा राष्ट्रिय चेतनामा आधारित समाजवादी सामाजिक–संस्कृति निर्माण गरिने छ ।

पूँजीवादी समाजमा विज्ञानमाथि पूँजीले राज गर्छ । इतिहासदेखि सर्दै आएका रुढीवाद, अन्धविश्वास र कुरीतिहरूलाई समेत पूँजीवादले आफ्नो सेवामा प्रयोग गर्छ । समाजवादले विज्ञानलाई पूँजीको नियन्त्रणबाट मुक्त गरी पूर्णत: मानवीय बनाउने छ । वैज्ञानिक शिक्षा पद्धतिमार्फत समाजमा वैज्ञानिक दृष्टिकोण र व्यवहार स्थापित गरिनेछ । मानिसको ज्ञान र गरिमालाई कमजोर पार्ने सबै खालका अवैज्ञानिक तथा अमानवीय चलन र अभ्यासहरूको अन्त्य गरिने छ ।

४. **राष्ट्रिय हित र परराष्ट्र सम्बन्ध सम्बन्धी :** नेपाल कहिल्यै कसैको अधिनमा नरहेको एक स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न राष्ट्र हो । तथापि नेपाल राष्ट्र निर्माणका क्रममा नेपालीहरूले साम्राज्यवाद तथा विस्तारवादका अनेकौं आक्रमण र दबावको सामना गर्नु परेको थियो । अहिले पनि नेपालको राष्ट्रिय स्वाधिनता र स्वतन्त्रता दबावमुक्त छैन । साम्राज्यवाद तथा प्रभूत्ववादका आर्थिक, राजनीतिक, सांस्कृतिक र अन्य कुनै पनि प्रकारको दवाव, हस्तक्षप र आक्रमणबाट मुक्त स्वाधिन समाजवादी नेपालको निर्माण गर्नु समाजवादी क्रान्तिको एउटा मुख्य उद्देश्य हो ।

राष्ट्रिय स्वाधिनता, भौगोलिक अखण्डता, सार्वभौमिकता, राष्ट्रिय हित र मुलुकको समृद्धिका लागि पञ्चशीलको सिद्धान्तमा आधारित स्वतन्त्र, असम्लग्न र सन्तुलित परराष्ट्र नीति अवलम्बन गरिने छ । कुनै पनि आर्थिक, राजनीतिक तथा सामरिक अहङ्कारबाट प्रभावित नहुने र कसैमाथि पनि दवाव र हस्तक्षप नगर्ने परराष्ट्र नीतिका आधारमा नेपालको राष्ट्रिय हित प्रबर्द्धन गरिनेछ । विभिन्न राष्ट्रका जनताको न्याय, समानता र समृद्धिको पक्षमा उभिने हाम्रो नीति हुनेछ ।

**हाम्रो सैद्धान्तिक आधार र दृष्टिकोण :**

हाम्रो मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद हो । मार्क्सवाद-लेनिनवाद एक गतिशील विज्ञान एवम् क्रान्तिकारी विश्वदृष्टिकोण हो । यसको प्रयोग समाजको विशिष्ट परिस्थिति अनुरूप सिर्जनात्मक ढङ्गले हुन्छ । मार्क्सवादको सिर्जनात्मक प्रयोग गर्ने क्रममा विभिन्न विशिष्ठ व्यक्तित्वहरूबाट विशेष योगदान भएको छ । विकासको प्रक्रियामा युरोपभन्दा पछाडि रहेको रुसमा मार्क्सवादको सिर्जनात्मक प्रयोग गर्ने क्रममा लेनिनले गर्नु भएको योगदान र रुसभन्दा पनि अझ पछाडि अर्द्धसामन्ती एवम् अर्द्धउपनिवेशी अवस्थामा रहेको चीनमा मार्क्सवादको सिर्जनात्मक प्रयोग गर्ने क्रममा माओले गर्नु भएका योगदाने विशेष उल्लेखनीय छन् । हाम्रो पार्टी नेपालको विशिष्ट परिस्थिति अनुरूप मार्क्सवाद-लेनिनवादको सिर्जनात्मक प्रयोग विकास गर्न प्रतिबद्ध छ।

हाम्रो सङ्गठनात्मक सिद्धान्त जनवादी केन्द्रीयता हो । जनवादी केन्द्रीयताको सिद्धान्तका आधारमा सामूहिक नेतृत्व एवम् व्यक्तिगत उत्तरदायित्व बहन गर्ने गरी पार्टीको निर्माण र सञ्चालन हुनेछ । यो पार्टी जन आधारित कार्यकर्ता पार्टी हो । यस पार्टीमा आन्तरिक लोकतन्त्र र अनुशासनको सन्तुलन रहनेछ । अन्तरिम विधानमा व्यवस्थित सङ्गठनात्मक प्रणालीको अनुशरण गर्दै हामी एकता महाधिवेशन सम्पन्न गर्नेछौं । पार्टी कमिटीहरू सबै समावेशी हुनेछन् । हरेक कमिटीमा पैत्तिस प्रतिशत महिला, विस प्रतिशत जेन्जी नवयुवा तथा युवा, पन्ध्र प्रतिशत दलित र पाँच प्रतिशत मुस्लिम रहने व्यस्था गरिने छ । नेतृत्व विकास र हस्तानतरणको वैज्ञानिक विधि स्थापित गरिने छ । पार्टी पदाधिकारीको उमेर हद र कार्यकाल तोकिने छ ।

हाम्रो रणनैतिक लक्ष्य वैज्ञानिक समाजवाद हो । नेपाली जनताको लामो सङ्र्घबाट सामन्ती शोषण, दमन र उत्पीडनको मूल रूपमा अन्त्य भएको छ तर वित्तीय एकाधिकार तथा दलाल नोकरशाही पूँजीवादी शोषण, दमन, विभेद र उत्पीडन अहिले पनि हाम्रो समाजमा विद्यमान छ । हामी समाजमा रहेका सबैखाले शोषण, दमन, विभेद र उत्पीडनको अन्त्य गरी शोषणरहित एवम् विभेदरहित र सातामूलक समृद्ध समाज निर्माण गर्न चाहन्छौं । त्यसका निमित्त समाजवादी क्रान्ति अपरिहार्य छ ।

हाम्रो समाजवादी क्रान्तिको मूलतः शान्तिपूर्ण हुनेछ किनभने कम्युनिष्ट पार्टीहरुको निर्णायक पहलकदमीमा आफ्नै मौलिक विशेषताका साथ सम्पन्न नेपालको पुँजीवादी जनवादी क्रान्तिको परिणामस्वरूप स्थापित समानुपातिक एवम् समावेशी चरित्रको समाजवाद-उन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा आधारित भएर हाम्रो देशमा शान्तिपूर्ण एवम् वैधानिक ढङ्गबाट समाजवाद निर्माण गर्न सकिने प्रबल संभावना छ । तथापि क्रान्तिको स्वरूप र वाटो_तात्कालिक वस्तुगत परिस्थितिले निर्धारण गर्ने विषय हो । परिस्थिति अनुरुप आत्मगत शक्ति तयार नभई वस्तुगत पक्ष तयार भएर मात्र क्रान्ति हुन सक्तैन । समाजवादी क्रान्तिको आत्मगत शक्ति भनेको बलियो कम्युनिष्ट शक्ति हो । कम्युनिष्ट शक्ति विभाजित रहिरहँदासम्म शक्ति सन्तुलन प्रतिकूल हुने, प्रतिगामी शक्तिहरू पुनर्स्थापित हुने र आन्दोलन प्रतिरक्षात्मक अवस्थामा पुग्ने जोखिम हुन्छ। त्यसैले कम्युनिष्ट शक्तिको एकीकरण आजको अनिवार्य आवश्यकता बन्न पुगेको छ ।

२०६२/६३ को जनक्रान्तिद्वारा सामन्ती राजतन्त्रको अन्त्य र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएपछि नेपाली क्रान्ति समाजवादी चरणमा प्रवेस गरेको छ । अब हुने क्रान्तिको चरित्र र कार्यदिशा समाजवादी हो । अहिलेको हाम्रो मूल कार्यनीति जनवादी क्रान्तिका उपलब्धिहरूको रक्षा र विकास गर्दै समाजवादको दिशामा अगाडि बढ्ने हो । अबको हाम्रो सम्पूर्ण पार्टी काम समाजवाद उन्मुख हुनेछ । हामी अब समाजवादी कार्यदिशा अवलम्बन गरेर दृढतापूर्वक समाजवादको यात्रामा अगाडि बढ्ने छौं ।

**हाम्रो प्रतिबद्धता :**

**हामी तपशीलका विषय दृढतापूर्वक अवलम्बन गर्न प्रतिबद्ध छौं :**

१. नेपालको राष्ट्रिय स्वाधिनता, भौगालिक अखण्डता, स्वाभिमान र स्वतन्त्रता अक्षुण्ण राख्न दृढतापूर्वक लागिरहने ।
२. राष्ट्र र जनताप्रति इमान्दार, निष्ठावान र समर्पित भई काम गर्ने ।
३. मार्क्सवाद-लेनिनवादका सार्वभौम सच्चाइहरूप्रति दृढ रहँदै तिनलाई नेपालको विशिष्ट परिस्थिति अनुरूप सिर्जनात्मक ढङ्गले लागू गर्ने ।
४. समाजवादी क्रान्ति र कार्यक्रमप्रति प्रतिवद्ध रही नेकपाले आफ्नो स्थापना कालदेखि राख्दै आएको वैज्ञानिक समाजवाद स्थापनाको महान लक्ष्य प्राप्त गर्ने दिशामा दृढतापूर्वक अघि बढ्ने ।
५. लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्ध रहने र जनवादी क्रान्तिका उपलब्धिहरूको रक्षा गर्दै गणतन्त्रको सुदृढिकरण र राज्यका सबै अङ्गहरूमा आवश्यक सुधार एवम् पुनर्संरचना गर्न अग्रसर हुने ।
६. नेपालको वर्तमान संविधानको रक्षा गर्दै शासकीय स्वरूप र निर्वाचन प्रणाली, सङ्घीयताको सबलिकरण तथा स्थानीय तह र जप्रतिनिधिको सङ्ख्या घटाउनेलगाएत विषयमा अग्रगामी परिमार्जन गर्न तत्पर रही पहल गर्ने।
७. भ्रष्टाचाार, अनियमितता र ढिलासुस्तीको अन्त गर्न तथा सुशासन, पारदर्शिता, सामाजिक न्याय र मुलुकको समृद्धिका लागि निरन्तर पहल गर्ने ।
८. उच्चस्तरिय अधिकारसम्पन्न सम्पत्ति जाँचबुझ आयोग गठन गरेर हालसम्म सार्वजनिक पद धारण गरेका सबै व्यक्तिहरूको सम्पत्ति छानवीन गरी भ्रष्टाचारीहरूलाई कडा कार्वाही गराउन प्रभावकारी पहल गर्ने ।
९. राज्यको सेवा प्रवाहलाई छिटो, छरितो र चुस्त दुरुस्त बनाउन र शिक्षा, स्वास्थ्यलगायत आधारभूत सेवा प्रवाहमा आम जनताको पहुँच स्थापित गर्न विशेष पहल गर्ने ।
१०. वर्तमान नेपाली समाजमा रहेका सबैखाले शोषण, दमन, उत्पीडन, अन्याय, अत्याचार, विभेद, असमानता र विकृति सिङगतिको अन्त्य गर्न सङ्घर्षरत रहने ।
११. महिला, दलित, उत्पिडित, अल्पसंख्यक र सिमान्तकृत समुदाय, आदिवासी जनजातिलगायत राज्यको मूल प्रवाहबाट बहिष्करण र बञ्चितिकरणमा परेका वर्ग, जाति, समुदाय र क्षेत्रका अधिकार सुनिश्चित गर्न संघर्षरत रहने ।
१२. अनुसन्धान र विकासलाई उच्च प्राथमिकतामा राखी देशको समग्र विकाश कार्य अघि बढाउने ।
१३. स्वतन्त्र आत्मनिर्भर अर्थतन्त्रको विकास गर्न, रोजगारी सिर्जना गर्न र गरिवीको अन्त्य गर्न विशेष पहल गर्ने ।
१४. वर्तमान नेपाली समाजको आर्थिक-सामाजिक र सांस्कृतिक रूपान्तरण गर्न कृषि, स्वदेशी कच्चा पदार्थमा आधारित उद्योग, पर्यटन र जलविद्युतको विकासलाई प्राथमिकतामा राखेर विशेष योजनाका साथ देशको विकास गर्न अग्रसर हुने।
१५. प्राकृतिक स्रोत र साधनको संरक्षण एवम् दिगो उपयोग गर्ने गरी विकासका अभियान सञ्चालन गर्ने ।
१६. जलवायु परिवर्तन र पर्यावरणमैत्री विकास योजना निर्माण तथा विपत् व्यवस्थापन गर्न प्रतिवद्ध रहने ।
१७. जनताका सुख दुःखमा जोडिदै देश र जनताका आवाज जोडदार रूपमा उठाउने ।
१८. जेन्जी पुस्ताका मुद्दा र आकांक्षको संवोधन गर्न प्रतिवद्ध रहने ।
१९. विगतका कामको समग्र समीक्षा गरेर भएका कमी कमजोरीहरू सच्च्याउँदै कार्यशैलीमा व्यापक सुधार, पुनर्गठन र रुपान्तरण गर्दै अघि बढ्न तत्पर रहने ।
२०. पार्टीमा आन्तरिक लोकतन्त्रको सुदृढीकरण गर्न र नेतृत्व विकास एवम् हस्तान्तरणको वैज्ञानिक विधि निर्माण गरी लागू गर्न तत्पर रहने ।
२१. पार्टीका सबै नेता तथा कार्यकर्ता उत्पादन र श्रम कार्यमा सम्लग्न हुने ।
२२. कम्युनिष्ट आचरण, अनुशासन र नैतिकताको कडाइका साथ पालना गर्ने ।
२३. सादा एवम् सरल जीवनशैली र पारदर्शी कार्यशैली अवलम्बन गर्ने । -